कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD : 2057 25th RAJAT JAYANTI 2082

वर्ष: २६ | अंक: ६३ | वि.सं. २०८३ असार १ सोमवार | नेपाल संवत: ११४५, ज्येष्ठ कृष्ण औंसी | Monday 15 June 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## विद्यालयमा 'महिनावारी आराम कक्ष' स्थापना

**युग संवाददाता**
**कालीकोट, ३१ जेठ ।**

कालीकोट जिल्लाको रास्कोट नगरपालिकामा सामुदायिक विद्यालयमा 'महिनावारी आराम कक्ष' स्थापना गरिएको छ। नगरपालिकाका चार माध्यमिक विद्यालय र ६ वटा आधारभूत विद्यालयमा महिनावारी आराम कक्ष स्थापना गरिएको हो।

महिनावारीको समयमा तथा बिरामी हुँदा छात्राहरूलाई विद्यालय नियमित रुपमा जानका लागि महिनावारी आराम कक्षको स्थापना गरिएको हो। विद्यालयमा महिनावारी आराम कक्ष स्थापना भएपछि नियमित स्कुल जानका लागि सहज भएको बडिमालिका माध्यमिक विद्यालय रास्कोटका कक्षा ९ मा अध्यायनरत छात्रा कल्पना शाहीले बताए।

"महिनावारी भएका बेला हरेक महिना पाँच दिन विद्यालय जान असहज हुने गरेको थियो", उनले भने, "विद्यालयमा पढ्दै गर्दा पेट दुख्ने, रिङ्गटा लाग्ने हुन्थ्यो। अहिले विद्यालयमै महिनावारी आराम कक्ष स्थापना भएपछि नियमित पढ्न जान थालेकी छु।"

विद्यालयको महिनावारी आराम कक्षमा आवश्यक स्यानेटरी प्याड, सफा पानी, प्राथमिक उपचार साम्रगी, आराम गर्ने बेड तथा सरसफाइका साम्रगी व्यवस्था हुँदा स्वास्थ्यमा सहज र नियमित स्कुलमा छात्राको उपस्थित हुने गरेको बडिमालिका माध्यमिक विद्यालयका प्रधानाध्यापक पुष्पराज बरालले जानकारी दिए।

"किशोरी विद्यार्थीलाई महिनावारी भएको समयमा सहज वातावरण प्रदान गर्न विद्यालयमै महिनावारी आराम कक्ष स्थापना गरिएको हो", उनले भने, "महिनावारीका बेला हुने शारीरिक असहजता, पेट दुख्ने, कमजोरी तथा मानसिक तनावलाई मध्यनजर गर्दै विद्यालयमा आराम कक्ष सञ्चालनमा ल्याउँदा अहिले किशोरीहरू नियमित पढ्न आउन थालेका छन्।"

नगरकापालिकाका चारवटा माध्यमिक र छवटा आधारभूत विद्यालयमा महिनावारी आरम कक्ष स्थापना गरिएको रास्कोट महिनावारी स्वास्थ्य र खानेपानी तथा सरसफाइ स्वच्छता सुधार परियोजनाका संयोजक सूर्यबहादुर रोकायाले बताए। उनले यसबाट किशोरीहरूलाई विद्यालयमा नियमित पढाइमा सहभागी हुन सहयोग पुगेको जानकारी दिए।

विद्यालयमा सुरक्षित र मैत्रीपूर्ण वातावरण निर्माण गर्न यस्तो पहल प्रभावकारी बनेको रास्कोट नगरपालिका नगरप्रमुख धर्मराज शाहीले बताए। "स्थानीय तह तथा विद्यालय व्यवस्थापन समितिले किशोरी स्वास्थ्य र महिनावारी स्वच्छतामा विशेष ध्यान दिएको छ, रास्कोटको शैक्षिक सुधारमा पहिलो प्रथामिकता राखेर आगाडि बढेको छ", उनले भने।

# कस्तो आउँदैछ कर्णालीको बजेट ?

"प्रदेश सरकारले चालु आर्थिक वर्षमा का लागि ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार बराबरको बजेट कार्यान्वयन गरिरहेको छ।"




**ओम शाही**
**सुर्खेत, ३१ जेठ ।**

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट सार्वजनिक गर्न लागेको छ। आर्थिक मामिला तथा योजना मन्त्री राजिवविक्रम शाहले आज (सोमबार) प्रदेशसभामा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न बजेट प्रस्तुत गर्नेछन्।

कर्णाली प्रदेशसभा सचिवालयका सूचना अधिकारी राजेन्द्र शर्माका अनुसार दिउँसो ३ बजेका लागि आह्वान भएको बैठकमा आर्थिक सर्वेक्षण र बजेट पेश हुने कार्यसूचि छ। सरकारका तर्फबाट आर्थिक सर्वेक्षण प्रस्तुत भएपछि अर्थमन्त्री शाहले संसदमा बजेट पेश गर्नेछन्। अर्थमन्त्रालय स्रोतका अनुसार आगामी वर्षको बजेट पनि चालु आर्थिक वर्ष २०८२/०८३ कै हारहारीमा ल्याउने तयारी सरकारको छ।

योजना आयोगले दोस्रो आवधिक योजनाले लिएका लक्ष्य पुरा गर्न चालु आर्थिक वर्षको तुलनामा बढाएर पठाइएको सिलिङमा रहेर सरकारले बजेट निर्माण गरिरहेको जनाइएको छ। चालु वर्षमा जेन-जी आन्दोलन र मध्यपूर्वको युद्धको असरले बजेटको आकार बढ्ने आँकालन गरिएको छ। मध्यपूर्वको तनावले इन्धन, निर्माण सामग्रीमा भएको मूल्यवृद्धिको असर विकास निर्माणमा परेपछि यस वर्ष प्रदेश सरकारको लक्ष्य अनुसार बजेट कार्यान्वयन नहुँदा आगमी वर्षको बजेटमा वृद्धि हुने जनाइएको छ।

आगामी वर्षका लागि संघीय सरकारले कर्णालीलाई बढाएर अनुदान दिएकाले पनि बजेटको आकार बढ्न सक्ने अर्थमन्त्रालय स्रोतको दावी छ। कर्णाली प्रदेशले आर्थिक वर्ष २०८३/८४ का लागि १७ अर्ब २० करोड रुपैयाँभन्दा बढी संघीय अनुदानप्राप्त गर्ने भएको छ। संघीय सरकारले अन्तरसरकारी वित्तीय हस्तान्तरणअन्तर्गत कर्णाली प्रदेशलाई कुल १७ अर्ब २० करोड ८२ लाख रुपैयाँ बराबरको अनुदान हस्तान्तरण गर्नेछ। जुन चालुतर्फ १३ अर्ब पाँच करोड ९ लाख र पुँजीगततर्फ ४ अर्ब १५ करोड रहनेछ।

यो रकम वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान गरी चार शीर्षकमा प्रदान गरिन्छ। प्रदेश सरकारले चालु आर्थिक वर्षमा का लागि ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार बराबरको बजेट कार्यान्वयन गरिरहेको छ। यो चालु गत आर्थिक वर्षको बजेटभन्दा करिब पाँच प्रतिशत बढी हो।

कूल विनियोजनमध्ये चालुतर्फ सात अर्ब ७९ करोड ९१ लाख एक हजार अर्थात् २३.६४ प्रतिशत रहेको छ। पुँजीगततर्फ १९ अर्ब ९८ करोड २७ लाख १३ हजार अर्थात् कूल विनियोजनको ६०.५५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ६१ करोड ५० लाख अर्थात् कूल विनियोजनको १.६६ प्रतिशत बजेट कार्यान्वयन भइरहेको छ।

### यस्ता छन् बजेटका प्राथमिकता

२० जेठ २०८२ मा प्रदेश सरकारले सार्वजनिक गरेको आगामी वर्षको नीति तथा कार्यक्रम सर्वजनिक गरेको थियो। सार्वजनिक सरकारको नीति तथा कार्यक्रमले समृद्ध कर्णाली: सुखारी कर्णालीवासीको दीर्घकालीन परिकल्पना कार्यान्वयनलाई प्राथमिकतामा राखेको छ। जसका लागि प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना, प्रदेश सरकारका विद्यमान नीति तथा कानुन, प्रदेशसभामा प्रस्तुत भएको आर्थिक वर्ष २०८३-०८४ को बजेटका सिद्धान्त तथा प्राथमिकता र वर्तमान राजनीतिक, सामाजिक तथा आर्थिक परिवेश एवम् कर्णाली प्रदेश सरकारले विगतदेखि नै कार्यान्वयनमा ल्याएका नीति तथा कार्यक्रमहरू प्राथमिकतामा राखिएको मुख्यमन्त्री यामलाल कँडेलले बताए।

सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रममा कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य उत्पादनमा आत्मनिर्भर तथा निर्यातलाई प्रोत्साहन गर्ने नीति लिइने जनाइएको छ। शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्दै शैक्षिक गुणस्तर सुधारमार्फत सुसंस्कृत मानव पुँजीको विकास गर्ने, स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच र गुणस्तर सुनिश्चित गर्नका लागि स्वास्थ्य सेवाको

बाँकी ४ पेजमा

## हुलाकी राजमार्गको अलपत्र खण्ड विस्तार हुने वर्षौंको प्रतीक्षापछि स्थानीयमा खुशी

**सरला सुवेदी**
**बाँके, ३१ जेठ ।**



लामो समयदेखि अलपत्र अवस्थामा रहेको हुलाकी राजमार्गअन्तर्गत बाँकेको नारायणपुरदेखि दाङ सीमास्थित खोकरी हासबाससम्मको सडक विस्तार हुने भएको छ। परियोजनाका लागि आवश्यक स्रोत सुनिश्चित भएसँगै निर्माण प्रक्रिया अघि बढ्न थालेको हो। वर्षौंदेखि सडक निर्माणको प्रतीक्षामा रहेका स्थानीय बासिन्दा भने अब सडक खुल्ने र आवागमन सहज हुने आशामा उत्साहित बनेका छन्।

हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय नेपालगञ्जका अनुसार राप्तीसोनारी गाउँपालिका-३ नारायणपुरदेखि राप्तीसोनारी गाउँपालिका-१ खोकरी हासबाससम्मको सडक विस्तारको तयारी अन्तिम चरणमा पुगेको छ। कार्यालय प्रमुख लीलाबहादुर भण्डारीका अनुसार दाङ, बाँके र बर्दिया खण्डमा पर्ने ७५ किलोमिटर सडक निर्माणका लागि २९ अर्ब रुपैयाँको स्रोत सुनिश्चित भइसकेको छ।

परियोजनाअन्तर्गत बाँके खण्डमा करिब ३६ किलोमिटर सडकको ट्र्याक खोल्नुपर्नेछ भने २० वटा पुल निर्माण गरिनेछ। त्यस्तै दाङ खण्डमा २२ किलोमिटर सडक र १७ वटा पुल निर्माण गरिने योजना रहेको छ। कार्यालय प्रमुख भण्डारीले ठेक्का प्रक्रिया अघि बढिसकेको जानकारी दिँदै तीन वर्षभित्र दाङ, बाँके र बर्दिया खण्डको निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको बताए। उनका अनुसार उक्त सडकले महेन्द्र राजमार्गको वैकल्पिक मार्गका रूपमा काम गर्नेछ भने पूर्व-पश्चिम आवागमनलाई थप सहज बनाउँदै दुर्गम तथा पछाडि पारिएका बस्तीलाई विकासको मूलधारसँग जोड्न महत्वपूर्ण भूमिका खेल्नेछ।

परियोजनाअन्तर्गत करिब १५ किलोमिटर सडक घना वन क्षेत्रभित्र पर्ने भएकाले वातावरणीय प्रभाव मूल्याङ्कन (ईआईए) तथा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार भइसकेको छ। १२ मिटर चौडा सडकमा ९ मिटर चौडाइमा कालोपत्र गरिनेछ। निर्देशनालयका अनुसार असार मसान्तसम्म सूचना प्रकाशन प्रक्रिया पूरा गरी आगामी असोज महिनादेखि निर्माण कार्य सुरु गर्ने तयारी गरिएको छ।

बर्षौंदेखि सडक अभावका कारण यातायात, शिक्षा, स्वास्थ्य तथा कृषि उपजको ढुवानीमा समस्या भोग्दै आएका स्थानीयवासी स्रोत सुनिश्चित भएसँगै उत्साहित बनेका छन्। सडक निर्माण सम्पन्न भएपछि दुर्गम बस्तीका नागरिकलाई आवागमनमा सहजता हुने, स्थानीय उत्पादनले बजार पाउने तथा क्षेत्रीय विकासले गति लिने विश्वास गरिएको छ।

त्यसैबीच, परियोजनाका लागि स्रोत सुनिश्चित भएपछि हुलाकी सडक आयोजना, स्थानीयवासी तथा पत्रकारहरूको टोलीले प्रस्तावित सडक खण्डको स्थलगत अनुगमन

बाँकी ४ पेजमा






## सम्पादकीय....

# विकास र जनसंख्याबीचको बढ्दो दूरी

नेपालको मध्यपहाड र हिमाली क्षेत्रले पछिल्ला दशक यता जनसांख्यिक संकटको सामना गरिरहेका छन् । विगत दुई दशकमा सडक, सञ्चार, विद्युत्, शिक्षा र स्वास्थ्यजस्ता पूर्वाधार गाउँ-गाउँ पुगेका छन् । विकासका आधारभूत संरचनामा उल्लेखनीय विस्तार भएको छ । तर, विडम्बना, विकास पुगेका ती गाउँहरूबाट मानिसहरू भने निरन्तर बाहिरिइरहेका छन् । पहाडका बस्तीहरू रित्तिँदै गएका छन् भने सहरहरूमा जनसंख्याको चाप अस्वाभाविक रूपमा बढिरहेको छ । यो अवस्था केवल बसाइँसराइको सामान्य प्रवृत्ति मात्र होइन, नेपालको विकास मोडेलमाथि गम्भीर प्रश्न उठाउने विषय पनि हो । राष्ट्रिय जनगणना २०७८ ले नेपालभित्रको आन्तरिक बसाइँसराइ दर २९.२ प्रतिशत पुगेको देखाउँछ। अझ चिन्ताजनक पक्ष के छ भने पहाडबाट मात्रै ३२ प्रतिशत जनसंख्या जन्मथलो छाडेर अन्यत्र सरेको छ । ७७ जिल्लामध्ये ५८ जिल्लाको खुद बसाइँसराइ दर ऋणात्मक हुनु सामान्य अवस्था होइन । यसको अर्थ मानिसहरू आउनेभन्दा जानेको संख्या धेरै छ । मध्यपहाडी राजमार्गले छोएका अधिकांश जिल्लाहरूमा जनसंख्या घट्दै गएको तथ्यले राज्यको विकास रणनीतिमाथि पुनर्विचार गर्नुपर्ने आवश्यकता देखाएको छ ।

मध्यपहाडी राजमार्ग निर्माणको प्रमुख उद्देश्य नै पहाडबाट भइरहेको बसाइँसराइ रोक्नु थियो । सडकले बजार, सेवा र अवसरको पहुँच विस्तार गर्ने अपेक्षा गरिएको थियो । तर, व्यवहारमा सडकले मानिसहरूलाई गाउँमै अड्याउन नसकेर सहर पुग्न सजिलो बनाइदिएको देखिन्छ । पूर्वाधार निर्माणले मात्र विकास सुनिश्चित हुँदैन भन्ने यथार्थ यहीँबाट पुष्टि हुन्छ । सडक पुगे पनि रोजगारी पुगेन, विद्यालय बने पनि भविष्यको भरोसा जागेन, स्वास्थ्य संस्था खुले पनि आर्थिक अवसर सिर्जना भएनन् । परिणामस्वरूप मानिसहरूले सुविधाभन्दा बढी सम्भावना खोज्दै गाउँ छाडिरहेका छन् । बसाइँसराइको सबैभन्दा ठूलो कारण अवसरको असमान वितरण हो । शिक्षा, स्वास्थ्य, रोजगारी र व्यवसायका सम्भावना अझै पनि सीमित सहरहरूमा केन्द्रित छन् । वैदेशिक रोजगारीबाट फर्किएका वा आर्थिक रूपमा सक्षम बनेका परिवारहरूले पनि गाउँभन्दा सहर रोजिरहेका छन् । यसले गाउँको उत्पादनशील जनशक्ति घटाउँदै लगेको छ । विद्यालयमा विद्यार्थी घटेका छन्, खेतबारी बाँझिएका छन् र स्थानीय अर्थतन्त्र कमजोर बन्दै गएको छ । राज्यले अब बसाइँसराइलाई केवल जनसंख्या स्थानान्तरणको विषयका रूपमा मात्र होइन, राष्ट्रिय विकास र सन्तुलित बसोबासको चुनौतीका रूपमा हेर्नुपर्छ । पहाडमा जनसंख्या अड्याउने उपाय भनेको मानिसलाई जबर्जस्ती रोक्नु होइन, त्यहाँ जीवनयापनका भरपर्दा अवसर सिर्जना गर्नु हो । रोजगारी, उद्यमशीलता, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा र योजनाबद्ध बस्ती विकासमार्फत मात्र पहाडलाई पुनः आकर्षक बनाउन सकिन्छ । अन्यथा, विकासका संरचना गाउँमा उभिनेछन्, तर ती संरचनाको उपयोग गर्ने मानिसहरू भने सहरतिरै केन्द्रित हुनेछन् । विकास र जनसंख्याबीचको यो बढ्दो दूरी समयमै सम्बोधन गर्न नसके नेपालको पहाड केवल भूगोलमा मात्र रहनेछ, जीवन्त समाजका रूपमा होइन । यो डर लाग्दो तथ्यमा घोत्लिएर सोच्न विलम्ब गरिनु हुँदनै । राज्यले पहाडमा विकाससँगै स्थानीय आयआर्जनलाई पनिसँगै लैजाने खालको नीति अवलम्बन गर्नुपर्दछ । आधारभूत आवश्यकता परिपूर्ति गर्ने छरिएर रहेका वस्तीलाई एकिकृत बनाएर ग्रामिण अर्थतन्त्रलाई कृषि, पर्यटन, पशुपालनमा जोड्न सक्ने हो भने पहाडबाट भइरहेको बसाइँसराई रोक्न सकिन्छ ।

# निजामती सेवामा समावेशी समूहको दुईतिहाई प्रतिनिधित्व भएको छः अध्यक्ष रेग्मी

*लोक सेवा आयोगले मुलुकको सार्वजनिक प्रशासनमा योग्यता, निष्पक्षता र प्रतिस्पर्धाका आधारमा सक्षम जनशक्ति छनोट गर्दै आएको छ । आयोगले गर्दै आएका कार्यले सार्वजनिक सेवामा दक्ष जनशक्ति व्यवस्थापन, प्रविधिमैत्री परीक्षा प्रणाली, समावेशी प्रतिनिधित्व तथा सेवा प्रवाहको प्रभावकारितासम्बन्धी विषय महत्वपूर्ण बनेका छन् । त्यसैले आयोग सुशासन, समावेशीता र व्यावसायिक निजामती सेवाको आधारस्तम्भका रूपमा स्थापित छ ।*

*लामो प्रशासनिक अनुभव भएका लोक सेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीको नेतृत्वमा आयोगले सार्वजनिक सेवा प्रवेश प्रणालीलाई थप पारदर्शी, विश्वसनीय र आधुनिक बनाउने दिशामा विभिन्न सुधारका प्रयास अघि बढाइरहेको छ । यही सन्दर्भमा आयोगले आगामी असार १ गते आफ्नो स्थापनाको ७६ औं वार्षिकोत्सव मनाउँदैछ । वार्षिकोत्सवका सन्दर्भमा आयोगका उपलब्धि, चुनौती, प्रशासनका क्षेत्रमा देखिएका अवसर र सुधारलगायत विषयमा राष्ट्रिय समाचार समिति (रासस) का समाचारदाता भीष्मराज ओझाले अध्यक्ष रेग्मीसँग गर्नुभएको कुराकानीको सम्पादित*



**सङ्घीय शासन प्रणाली कार्यान्वयन भएको करिब एक दशक भयो । यस अवधिमा कर्मचारी व्यवस्थापन र पदपूर्तिको अवस्थालाई लोक सेवा आयोगले कसरी मूल्याङ्कन गरेको छ ?**

- मुलुकमा हालसम्म जारी भएका सबै संविधानले आयोगको सम्बन्धमा व्यवस्था गरेको छ । नेपालको अन्तरिम संविधान २००७ अनुसार २००८ साल असार १ गते आयोगको स्थापना भएको हो । सबै संविधानले आयोगलाई निजामती सेवाको पदपूर्तिको जिम्मेवारी दिएको छ ।

नेपालको संविधान जारी भएपछि आयोगको जिम्मेवारी, अधिकार र भूमिका बढेको छ । यस संविधानले मुलुकको जेठो संवैधानिक निकाय आयोगलाई सङ्गठित संस्था र सुरक्षा निकायको पनि पदपूर्तिको सबै जिम्मेवारी प्रदान गरेको छ । त्यसअनुसार हामीले निजामती सेवासँगै चारवटै सुरक्षा निकाय, ७४ सङ्गठित संस्थाको पनि पदपूर्तिसम्बन्धी कार्य गरिरहेका छौं । विभिन्न १०८ सङ्गठित संस्थाको विनियमावली स्वीकृत गरेर परामर्श दिएका छौं । १०७ संस्थामा हाम्रो प्रतिनिधि छन् ।

सङ्घीय शासन प्रणाली अपनाएको संविधानमा प्रदेश लोक सेवा आयोगको व्यवस्था छ । संविधानअनुसार प्रदेश लोक सेवा आयोगहरूले प्रदेश र स्थानीय तहका कर्मचारीको पदपूर्तिको काम गर्दै आएको छ । त्यो बाहेक सङ्घीय सरकारका केन्द्रदेखि स्थानीय तहसम्मका कर्मचारीको पदपूर्तिको काम लोक सेवा आयोग र यस मातहतका १४ कार्यालयबाट सञ्चालन हुँदै आएको छ ।

**प्रदेश र स्थानीय तहमा हालसम्म दरबन्दीअनुसार कर्मचारी पदपूर्ति नभएको गुनासो छ । यसको मुख्य कारण के हो ? समस्या कसरी समाधान गर्नुहुन्छ ?**

-म आफैं प्रशासन सुधार कार्यान्वयन आयोगको अध्यक्ष हुँदा संविधानको कार्यसूचीमा रहेको अधिकारअन्तर्गत तीनवटै तहका सरकारमा कर्मचारीको सङ्ख्या यकिन गरिएको थियो । हामीले सङ्घमा ३२ हजार, प्रदेशमा २२ हजार र स्थानीय तहमा ४५ हजार कर्मचारीको दरबन्दी आवश्यकता पर्ने प्रतिवेदन तयार गरेका थियौं तर अहिले सबै तहका गरी मुलुकभर करिब एक लाख ५० हजार निजामती कर्मचारी छन् ।

प्रदेश र स्थानीय तहमा दरबन्दीअनुसार पदपूर्ति नहुनुको कारण पहिले नै कर्मचारीको सङ्ख्या धेरै रहेको वा स्थानीय तहमा लामो समयदेखि ठूलो सङ्ख्यामा रहेका अस्थायी, करार र ज्यालादारी कर्मचारीका कारण पनि प्रदेशबाट नियमित पदपूर्ति नभएको हुन सक्छ ।

वि.सं. २०७५ मा प्रदेश लोक सेवा आयोग गठनका लागि आधार तथा मापदण्ड निर्धारणसम्बन्धी कानुन बनेपछि प्रदेश आयोग २०७६/७७ मा स्थापना भएको हो । प्रदेश लोक सेवा आयोग प्रारम्भिक चरण भएकाले वा आवश्यकतानुसार माग पनि नआएकाले पनि त्यस्तो भएको हुनसक्छ । यसमा चुनौती समाधानका लागि प्रदेश र स्थानीय सरकारबाट पारदर्शी रूपमा दरबन्दीअनुसारको पदपूर्तिका लागि माग आउनुपर्छ ।

**लोक सेवा आयोगको परीक्षा प्रणालीलाई ' डिजिटल' बनाउन आयोग कसरी जुटेको छ ?**

- आयोगले परीक्षा प्रणालीमा सुधार गर्दै प्रविधिमा फड्को मारेको छ । फाराम लिने र दस्तुर बुझाउने व्यवस्था अनलाइनबाटै सेवा प्रवाह गरेका छौं । अब यसैका लागि बैङ्क र आयोगमा लाइन लागिरहनु पर्दैन । हामी ' पब्लिक सर्भिस कमिसन रिक्रुटमेन्ट मेनजमेन्ट सिष्टम' (पिएसआरएमएस) सफ्टवेयरमार्फत नागरिकता, विश्वविद्यालयका प्रमाणपत्रमा आबद्ध हुने काम गरिरहेका छौं । प्रशिक्षार्थीलाई परीक्षा केन्द्रसमेत पनि अनलाइनमा आउने व्यवस्था गरेका छौं ।

यसका साथै सबै निकाय डिजिटल र प्रविधिमैत्री हुँदैमा विकास हुने भने होइन, कतिपय संस्था आफ्नो इज्जत, मर्यादा र कामकारबाही पुरानो प्रविधिलाई मर्मत गरेको कारण पनि विश्वास कायमै राख्न सफल भएका छन् । त्यस्ता संस्थालाई प्रविधिको नाममा डिजिटलाइज्ड गरेर यसको जोखिममा आयोग पनि बिना तयारी जानुपर्छ भन्ने मलाई लाग्दैन ।

**संविधानको समावेशी व्यवस्थाले राज्य संरचनामा कस्तो प्रतिनिधित्व बढाएको छ ? यस सम्बन्धमा आयोगसँग के तथ्याक्त र अनुभव छन् ?**

-नेपालमा समावेशिताको अवधारणा खासगरी २०६४ सालदेखि आएको हो र यो प्रावधान सुरुआत गर्दा १० वर्षमा पुनरवलोकन गर्ने भनिएको थियो तर हालसम्म त्यसको कुनै पुनरवलोकन भएको छैन ।

समावेशिताको माध्यमका नेपालका जाति, वर्ग, क्षेत्र, सम्प्रदाय र भूगोलका धेरै व्यक्तिहरूको निजामती सेवामा प्रतिनिधित्व भएको छ । तथ्याङ्कको कुरा गर्ने हो भने समावेशी सुविधाबाट २६ हजारभन्दा बढी कर्मचारी नियुक्त भइसकेका छन् । यस बाहेक थप समावेशी समूहका ११ हजार व्यक्तिको खुला प्रतिष्पर्धाका आधारमा निजामती सेवामा प्रतिनिधित्व भएको छ ।

सरसर्ती हेर्दा मुलुकको निजामती प्रशासनमा अहिले समावेशी समूहको लगभग दुई तिहाई प्रतिनिधित्व भएको छ भने असमावेशी समुहका कर्मचारीको एक तिहाई प्रतिनिधित्व छ ।

**परीक्षा सञ्चालन, नतिजा प्रकाशन र सिफारिस प्रक्रियालाई अझ छिटो, पारदर्शी र विश्वसनीय बनाउन आयोगले कस्ता सुधार गरेको छ ?**

-हामीले निरन्तर सुधारका कार्य जारी राखेको छौं । सार्वजनिक क्षेत्रमा वर्षेनी दरखास्त दिनेको सङ्ख्या ठूलो मात्रामा बढ्दो छ । सबै तहका उम्मेदवारको एउटै मापदण्डबाट मूल्याङ्कन हुँदा मूल्याङ्कनमा एकरुपता ल्याउन कठिन भइरहेको छ । त्यसैले निजामती सेवामा पूर्वयोग्यता परीक्षा सञ्चालन गरेर त्यसमा उत्तीर्ण भएकाहरूको मात्र मूल परीक्षा सञ्चालन हुने प्रावधान छ ।

यही प्रयोग गत वर्षदेखि सङ्गठित संस्थामा चौथौ तह (खरिदार सरह) मा पनि सुरुआत गरेका छौं । गत वर्ष पहिलो पटकको भएको चौथो तहको पूर्वयोग्यता परीक्षामा ९० हजार जनाले फाराम भरेका थिए । त्यसमध्ये ६० हजार परीक्षामा समावेश भएकामा २० हजार उत्तीर्ण भएका थिए । यस्ता पूर्वयोग्यता परीक्षा पास गरेका परीक्षार्थीको अनुमति पत्र एक वर्षसम्म कायम रहने र एक वर्षभरि कुनै पनि सङ्गठित संस्थामा मूल परीक्षा दिन पाइने व्यवस्था सुविधा रहेको छ ।

यस प्रणालीको अर्को लाभ भनेको पूर्वयोग्यता परीक्षा दिनका लागि काठमाडौं आउनुपर्दैन आयोगले आफ्ना १४ कार्यालयबाट जनताको घरदैलोमा त्यस्तो परीक्षा सञ्चालन गर्ने गरेको छ । यसले परिक्षार्थीको सङ्ख्यामा पनि व्यवस्थापन गर्न सहज हुने र पूर्वयोग्यता परीक्षा उत्तीर्ण भएका परीक्षार्थीबीचमा मात्रा परीक्षा गर्दा गुणस्तरीय परीक्षण हुने हाम्रो विश्वास छ । यो वर्षदेखि सबै सङ्गठित संस्थाका लागि अधिकृत, नायब सुब्बा र खरिदार सरहका लागि पनि प्रारम्भिक परीक्षा सुरु गर्दैछौं ।

**लोक सेवा आयोगको संवैधानिक स्वतन्त्रता र निष्पक्षतामाथि कुनै प्रकारको दबाब वा चुनौती महसुस भएको छ ?**

- सबैलाई स्पष्ट छ, लोक सेवामा भनसुन लाग्दैन । योग्यता, निष्पक्षता र स्वच्छताको मूल मर्म कायम राख्नेगरी संविधानबमोजिम सपथ लिएका हामी आयोगका पदाधिकारी संवैधानिक दायित्वअन्तर्गत कार्यसम्पादन गर्छौं ।

**सार्वजनिक प्रशासनलाई सक्षम बनाउन आयोगका प्राथमिकता के छन् ?**

- आयोग निरन्तर सुधारका प्रक्रियामा अघि बढेको छ, परीक्षा प्रणालीमा सामयिक सुधार गर्दै आएका छौं, पाठ्यक्रम परिमार्जन निरन्तर जारी छ, वृत्ति विकास केन्द्रित पाठ्यक्रमका लागि पनि धेरै काम गरिरहेका छौं । यसमा पनि हामीले अब दक्षता र विज्ञताका लागि सम्बन्धित सेवाको कर्मचारीले आन्तरिक प्रतिस्पर्धामा आफ्नो समूहमा मात्र परीक्षा दिन पाउने गरी व्यवस्था गर्न लागेका छौं ।

यो न्याय सेवामा सुरु भएको छ । गत वर्षदेखि हामीले इन्जिनियरिङ सेवाको सिभिल समूहमा पनि लागु गरेका छौं । यसका साथै हामीले विगतको कुनै व्यक्तिको काम कारबाही र अहिलेको उसको अन्तरवार्ता र प्रस्तुतीकरणका आधारमा भविष्यमा यो कर्मचारीले कस्तो गर्न सक्छ भने अनुमान गर्न 'एसेसमेन्ट सेन्टर मेथडोलोजी' (एसिएम) भन्ने विश्वमा विकसित पद्धतिलाई परीक्षा प्रणालीमा अपनाएका छौं ।

**आयोगले पदपूर्तिका विभिन्न प्रक्रिया पूरागरी योग्य र सक्षमलाई सिफारिस गर्छ । कतिपय कर्मचारी सेवा प्रवेशको सुरुमा नै अनियमिततामा मुछिने गरेका छन् । यसलाई नियन्त्रण गर्न के गर्नुपर्ला ?**

- आयोगले कुनै पनि व्यक्तिलाई परीक्षण गर्ने भनेको १० प्रतिशत जति मात्रै हो । यसलाई 'आइसबर्ग मोडेल' पनि भनिन्छ । हामीले विश्वव्यापी परीक्षण प्रविधि र विधि अध्ययन अवलोकन गरी पदपूर्ति गरिरहेका छौं तर व्यक्तिको १० प्रतिशत मात्र परीक्षणबाट ९० प्रतिशत विचार, दृष्टिकोण र सोचका विषयको

बाँकी ३ पेजमा

## विश्व

# हर्मुज र आणविक मुद्दामा अमेरिका-इरान सम्झौता नजिक

**तेहरान, ३१ जेठ ।**

मध्यपूर्वको तनाव कम गर्ने सम्भावित अमेरिका-इरान सम्झौता आइतबार हस्ताक्षर हुन सक्ने सङ्केत देखिएपछि कूटनीतिक गतिविधि तीव्र बनेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सम्झौता सम्पन्न भएलगत्तै रणनीतिक महत्त्वको हर्मुज जलघाँटी 'सबैका लागि खुला' हुने दाबी गर्नुभएको छ । यद्यपि इरानले हस्ताक्षरको समयसीमाबारे अझै सावधानीपूर्ण धारणा व्यक्त गरेको छ ।

हप्तौँदेखि जारी युद्ध र अवरुद्ध वार्तापछि दुवै पक्ष तथा मध्यस्थकर्ताहरूले समाधानको सम्भावना बढेको सङ्केत दिएका छन् । प्रमुख मध्यस्थकर्तामध्ये एक पाकिस्तानले सम्झौता पहिलेभन्दा धेरै नजिक पुगेको जनाएको छ ।

पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफले शनिबार सामाजिक सञ्जाल एक्समार्फत आगामी २४ घण्टाभित्र सम्झौताले अन्तिम रूप लिन सक्ने बताए । उनका अनुसार सम्झौतामा विद्युतीय हस्ताक्षर गरिनेछ भने अर्को साता प्राविधिक तहको वार्ता पनि जारी रहने अपेक्षा गरिएको छ । पाकिस्तानी विदेश मन्त्रालयले समेत आइतबार हस्ताक्षरको योजना रहेको पुष्टि गरेको छ ।

अमेरिकी राष्ट्रपति ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा भनेका छन्, "यो सम्झौता भोलि हस्ताक्षर हुने तय भएको छ र हस्ताक्षर भएसँगै हर्मुज स्ट्रेट सबैका लागि खुला हुनेछ ।"

यद्यपि इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले हस्ताक्षरको मिति अझै अन्तिम नभएको स्पष्ट पार्दै 'यो भोलिपल्ट नहुन सक्छ, तर आगामी दिनमा सम्भावनालाई अस्वीकार गर्न सकिँदैन' भन्नुभएको छ ।

अप्रिल ८ मा भएको युद्धविरामले भीषण लडाइँ रोक्न मद्दत गरे पनि त्यसयता स्थायी राजनीतिक समाधानको प्रयास जारी छ । राष्ट्रपति ट्रम्पले पटकपटक सम्झौता नजिक पुगेको दाबी गर्दै आउनुभएको छ, तर वार्ता विभिन्न चरणमा अवरुद्ध पनि हुँदै आएको छ ।

सम्झौताको सम्भावनाबीच हर्मुज जलघाँटीको विषय अझै विवादको केन्द्रमा छ । विश्वको महत्त्वपूर्ण तेल तथा ग्यास ढुवानी मार्ग मानिने यस जलमार्गमाथि इरानले युद्ध सुरु भएदेखि नियन्त्रण कडा बनाएको छ । तेहरानले जहाजहरूलाई आफ्ना सुरक्षाकर्मीबाट अनुमति लिनुपर्ने व्यवस्था लागू गरेको छ भने निरीक्षण र शुल्क व्यवस्थापनका लागि नयाँ निकाय पनि स्थापना गरेको छ । यसको प्रत्युत्तरमा अमेरिकाले इरानी बन्दरगाहहरूमा आफ्नै नाकाबन्दी लागू गरेको छ । अमेरिकी सेनाको सेन्ट्रल कमान्डले शनिबार इरानले व्यावसायिक जहाजहरूलाई लक्षित गरी एकतर्फी ड्रोन आक्रमणको प्रयास गरेको आरोप लगाउँदै ती सबै ड्रोन खसालिएको जनाएको छ ।

इरानी विदेशमन्त्री अब्बास अराघचीले शुक्रबार राज्य टेलिभिजनसँगको अन्तर्वार्तामा प्रस्तावित सम्झौतामा अमेरिकी नाकाबन्दी हटाउने विषय समावेश रहेको बताएका थिए । उनले हर्मुज जलमार्गलाई इरानको 'प्रतिरोधको प्रमुख साधन' मध्ये एक भएको उल्लेख गर्दै यसको व्यवस्थापन पहिले जस्तो नहुने सङ्केत दिएका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |

## आजको राशिफल

**मेष** — आत्तिने समस्याले बोलीको गलत अर्थ लाग्न सक्छ । अरूको मुख ताक्ने बानीले काम अधुरो रहनेछ । हातमा आएको रकम तत्काल खर्चनुपर्नेछ ।

**वृष** — परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द लिने अवसर जुट्नेछ । सुन्दर पहिरनले व्यक्तित्वमा आकर्षण ल्याउनेछ ।

**मिथुन** — खर्चको जोहो गर्न अलि दौडधुप गर्नुपर्ला । अवसरको खोजीमा आफन्त र परिवारबाट टाढिनुपर्ने हुन सक्छ । छर-छिमेकमा असमझदारी बढ्नेछ ।

**कर्कट** — आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन् । सानो कामले पनि राम्रो आम्दानी दिलाउनेछ । श्रमको उचित मूल्य पाइनेछ ।

**सिंह** — चुनौतीभित्र अवसर खोज्ने समय छ । नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ने हुन सक्छ । शारीरिक कमजोरीले चिन्ता बढाउनेछ ।

**कन्या** — प्रतिष्ठित काम गरेर अरूको मन जित्न सकिनेछ । सामाजिक कार्यले हौसला प्रदान गर्नेछ । भूमि, वाहन र कर्मयोगबाट लाभ मिल्नेछ ।

**तुला** — प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला । स्वास्थ्य कमजोर रहनाले औषधि-उपचारमा खर्च बढ्नेछ । यात्रा अलि कष्टपूर्ण हुनेछ ।

**वृश्चिक** — प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनुका साथै मनग्य धन लाभ हुनेछ । दिन मनोरञ्जनपूर्ण रहनेछ । सोख पूरा हुनेछ ।

**धनु** — मिहिनेतीहरूका लागि समय उत्साहजनक रहनेछ । प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन् ।

**मकर** — समयमा अल्छी गर्ने प्रवृत्तिले समस्या निम्त्याउनेछ । अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला । अवसर आए पनि काममा हातहाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला ।

**कुम्भ** — आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन् । कामको अवसर प्राप्त भए पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ ।

**मीन** — योजना बनाएर काम थाल्दा राम्रो फाइदा हुनेछ । प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मिहिनेतको फल प्राप्त हुनेछ । प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ ।

# ‘प्राज्ञिक अनुसन्धानले सुशासन र पारदर्शितामा सघाउँछ’

**युग संवाददाता**
**काठमाडौँ, ३१ जेठ ।**

अनुसन्धान क्षेत्रका विज्ञहरूले प्राज्ञिक अनुसन्धानले देशको शैक्षिक विकासका अतिरिक्त मुलुकको बृहत्तर क्षेत्रको दिगो विकासका लागि पनि सहयोग पुर्‍याउने बताएका छन् । उनीहरूले वैज्ञानिक विधि अपनाएर गरिएका यस्ता अनुसन्धानहरूबाट प्राप्त निष्कर्ष एवं सुझावहरूले नीतिनिर्माण, योजना तर्जुमा र विकासका कार्यक्रमहरू निर्माण तथा सञ्चालन गर्न सहयोग पुग्ने धारणा राखेका हुन् ।




नेपाल फिलोसफिकल रिसर्च सेन्टर (एनपिआरसी) र अनुसन्धानदाता समाजद्वारा भक्तपुरमा आयोजित अनुसन्धानदाताहरूको दुईदिने दोस्रो राष्ट्रिय सम्मेलनको समापनका अवसरमा आज धारणा राख्दै उनीहरूले शिक्षा, स्वास्थ्य, कृषि, समाज, राज्यको सेवा प्रवाहको आवश्यकता र अवस्था, प्रविधि, वातावरण लगायतका कैयौँ क्षेत्रमा गरिने अनुसन्धानले विद्यमान समस्याको पहिचान गरी समाधानका नयाँ उपाय सुझाउने हुन् ।

यसले राज्यका सरकारी निकाय, निजी क्षेत्र तथा सबै सरोकारवालाहरूलाई सही नीतिनिर्माण गर्न, आवश्यकताका आधारमा कार्यक्रम सञ्चालन गर्न र निर्णय लिन सहयोग पुग्ने धारणा राख्दै यस्ता प्राज्ञिक अनुसन्धानहरूलाई राज्यको सम्पत्तिका रूपमा लिन र आवश्यकताअनुसार तिनको कार्यान्वयनको वातावरण बनाउन आग्रह पनि गरे ।

वैज्ञानिक र तथ्यमा आधारित अनुसन्धानलाई प्राथमिकता दिन सकिएमा देशको आर्थिक तथा सामाजिक विकासले थप गति लिने भएकाले विश्वविद्यालयहरूमा अनुसन्धानमैत्री वातावरण निर्माण गर्नुपर्ने सुझाव उनीहरूको थियो ।

वैज्ञानिक तवरबाट गरिएका प्राज्ञिक अनुसन्धानहरूले मुलुकको शैक्षिक उन्नयनमा योगदान पर्‍याउनु त छँदैछ, यसबाट देशको विकास र सुशासनका क्षेत्रमा पनि ठूलो सघाउ पुग्ने धारणा वरिष्ठ अनुसन्धानदाता डा दशरथ न्यौपानेले राखे । एनपिआरसीका उपाध्यक्ष डा न्यौपानेले नेपालमा यस्तो वातावरणको बन्न नसकेको चर्चा गर्दै भने, “राज्यको नीतिनिर्माण, नयाँ योजना या कार्यक्रम सञ्चालन, राज्यले प्रदान गर्दै आएका सेवाहरूको प्रभावकारिता लगायतका क्षेत्रमा गरिने राम्रो अनुसन्धानले सुशासन र पारदर्शिता स्थापनामा सहयोग गर्छ ।”

अनुसन्धानदाता डा जनार्दन घिमिरेले नेपालमा ‘आइएसओ ९००१ सर्टिफिकेट’ सम्बन्धी अनुसन्धान प्रस्तुत गर्दै सुशासन कायम गर्न तथा उपभोक्ता अधिकारको संरक्षण गर्न यो अन्तरराष्ट्रिय मापदण्डको महत्व रहेको भए पनि यसको उचित पालना हुन नसकेको बताए ।

उनले भने, “आइएसओ प्रमाणपत्र पाएपछि कतिले यसको नवीकरण नै नगरी वर्षौंसम्म यसैको प्रचार गरेका हुन्छन् भने कतिले लिएकै हुँदैनन् । यस विषयमा गरिएका कैयौँ अनुसन्धान छन्, तर तिनको कार्यान्वयनको पक्ष भने निराशाजनक छ ।”

विद्यावारिधि या त्यसभन्दा माथिको अध्ययनमा शोधार्थीले बडो गहन र महत्वपूर्ण विषय या क्षेत्रमा अनुसन्धान गरेको भए पनि ती शोधहरूको कुनै प्रयोग नहुने गरेको र विश्वविद्यालयका पुस्तकालयहरूमा यसै थन्किएर बस्ने गरेको प्राध्यापक एवं अनुसन्धानदाताहरूको भनाइ थियो ।

राज्यभित्रका कैयौँ अनियमितता, राष्ट्रिय आवश्यकता र अन्य कैयौँ सान्दर्भिक विषयमा हुने गरेका यस्ता अध्ययनहरू विश्वविद्यालयका पुस्तकालयहरूमा थन्किएर रहने गरेकाले ती अनुसन्धानदाताबाट राज्यले लाभ पनि लिनसक्ने उनीहरूको सुझाव थियो ।

एनपिआरसीका अध्यक्ष डा तेजबहादुर कार्कीले भने, “प्राज्ञिक अनुसन्धानहरूको प्रयोजन सम्बन्धित विद्यार्थी या शोधार्थी दीक्षित हुने नै हो, तर वर्षौं लगाएर, वैज्ञानिक विधि अपनाएर सूक्ष्म ढङ्गबाट गरिएका ती अनुसन्धानका निष्कर्षलाई राज्यले सार्वजनिक सम्पत्तिका रूपमा कसरी लिन सकिन्छ भन्ने बारेमा सोच्दा राम्रो हुन्छ ।”

एनपिआरसीका अनुसन्धान निर्देशक डा दीपक महतले अनुसन्धान क्षेत्रलाई व्यापक बनाई राष्ट्रलाई योगदान दिनुपर्छ भन्ने उद्देश्यले एनपिआरसीको स्थापना गरिएको स्मरण गर्दै अनुसन्धानलाई व्यक्तिगत लाभका रूपमा नभएर राष्ट्रको आर्थिक तथा सामाजिक विकासमा लगाउनुपर्ने बताए ।

अनुसन्धानलाई प्राथमिकता दिएका कारण नै विश्वका धेरै मुलुक विकासको गतिमा अगाडि बढेका बताउँदै एनपिआरसीका संस्थापक डा कृष्णप्रसाद धिताल, अथर्व बिजनेस कलेजका प्राचार्य डा हिरालाल श्रेष्ठलगायतले अनुसन्धान क्षेत्रलाई राज्यले नै प्राथमिकतामा राख्नुपर्ने सुझाव दिए ।

सम्मेलनमा विभिन्न विश्वविद्यालयबाट विद्यावारिधि तथा महाविद्यावारिधि (पोष्ट डक्टोरेट) गरेका ५० भन्दा बढी अनुसन्धानदाताको सहभागिता थियो । त्यस अवसरमा महाविद्यावारिधि (पोष्ट डक्टोरेट) गरेका विभिन्न व्यक्तित्वलाई सम्मान गरिएको थियो ।

# फोहरबाट रोजगारी र आम्दानी



**युग संवाददाता**
**कैलाली, ३१ जेठ ।**

कैलालीको गोदावरी नगरपालिका-४ खैरानाका जङ्गबहादुर चौधरीले फोहर व्यवस्थापन क्षेत्रमा काम गर्न थालेको नौ वर्ष भएको छ । आठ वर्षसम्म नगरपालिकामार्फत फोहर व्यवस्थापन गर्दै आएका उनी अघिल्लो साउनदेखि गोदावरी नगरपालिकामा रहेको एकीकृत फोहर व्यवस्थापन केन्द्रमा कार्यरत छन् ।

चौधरी अहिले फोहर छुट्याउने र व्यवस्थापन गर्ने काम गर्दै मासिक करिब रु १७ हजार आम्दानी गरिरहेका छन् । उनका अनुसार यस कामले रोजगारीको अवसर दिएको भए पनि फोहरसँगको प्रत्यक्ष सम्पर्क, दुर्गन्ध र स्वास्थ्य जोखिम भने निरन्तर चुनौतीका रूपमा रहेका छन् ।

गोदावरी नगरपालिका-१० की प्रियङ्का जोराइला पनि विगत चार महिनादेखि सोही केन्द्रमा फोहर छुट्याउने र व्यवस्थापन गर्ने काम गर्दै आएका छन् । पहिले कपडा पसलमा काम गर्ने उहाँ अहिले मासिक करिब रु १६ हजार आम्दानी गरिरहेका छन् । उनीहरू जस्तै उक्त फोहर व्यवस्थापन केन्द्रमा करिब एक सय जनाले रोजगारी पाएका छन् ।

गोदावरीमा मात्रै होइन, कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा समेत फोहर व्यवस्थापनका माध्यमबाट स्थानीयले रोजगारी पाउँदै आएका छन् । यसरी सुदूरपश्चिमका स्थानीय तहहरूमा फोहर व्यवस्थापन अब केवल सरसफाइको काममात्र नभई रोजगारी र जीविकोपार्जनसँग पनि जोडिन थालेको छ । स्थानीयस्तरमै सृजना भएको यो रोजगारीले फोहरलाई समस्या होइन, अवसरका रूपमा उपयोग गर्न सकिने सम्भावनालाई थप स्पष्ट पारेको छ ।

यही अभ्यासलाई अझ संस्थागत र प्रभावकारी बनाउन सुदूरपश्चिम प्रदेशका केही स्थानीय तहले वैज्ञानिक व्यवस्थापन, पर्याप्त लगानी र निजी क्षेत्रको सक्रिय सहभागितासहित फोहरलाई वातावरणीय जोखिमबाट आर्थिक अवसरमा रूपान्तरण गर्ने प्रयास अघि बढाएका छन् ।

कैलालीको गोदावरी नगरपालिकामा सञ्चालित एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र यसैको उदाहरण हो । चौकीडाँडा महिला सामुदायिक वन क्षेत्रमा करिब रु एक अर्ब लागतमा निर्माण गरिएको यस केन्द्रमा फोहर छुट्याउने, प्रशोधन गर्ने र पुनः प्रयोग गर्ने प्रणाली सञ्चालनमा छ । यसले वातावरणीय प्रदूषण न्यूनीकरणसँगै दिगो फोहर व्यवस्थापनको आधार तयार गरेको छ ।

नगर प्रमुख वीरेन्द्र भट्टका अनुसार स्रोतमै फोहर वर्गीकरण गर्ने अभ्यासले व्यवस्थापनलाई सहज बनाएको छ भने नगरपालिकाले यसबाट राजस्वसमेत प्राप्त गर्न थालेको छ । यस केन्द्रको सञ्चालनमा निजी क्षेत्रको सहभागिता पनि उल्लेखनीय छ । स्वच्छ वातावरण प्रालिले फोहर व्यवस्थापनको जिम्मेवारी सम्हाल्दै आएको छ । कम्पनीका सञ्चालक गोविन्द रावलका अनुसार सङ्कलित फोहरमध्ये करिब ७० प्रतिशत पुनः प्रयोगयोग्य सामग्रीका रूपमा व्यवस्थापन गरिन्छ । कुहिने फोहरबाट जैविक मल उत्पादन गरिन्छ भने अन्य सामग्री पुनः प्रयोगका लागि पठाइन्छ । यसरी फोहरलाई सही ढङ्गले व्यवस्थापन गर्न सकिएमा यो समस्या होइन, अवसर बन्न सक्ने उनी बताउँछन् ।

कम्पनीले वार्षिक रूपमा नगरपालिकालाई राजस्व बुझाउने गरेको छ । कम्पनीको मासिक आम्दानी करिब रु २६ लाखसम्म पुग्छ । आम्दानी र खर्च बराबरजस्तै भए पनि कम्पनीले एक सय व्यक्तिलाई रोजगारी प्रदान गर्दै आएको रावल बताउँछन् ।

कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा पनि एकीकृत फोहरमैला व्यवस्थापन केन्द्रमार्फत यस्तै अभ्यास अघि बढाइएको छ । केन्द्र निर्माण हुनुअघि जङ्गल क्षेत्रमा फोहर व्यवस्थापन गरिँदै आएकामा एक वर्षअघि केन्द्र सञ्चालनमा आएपछि व्यवस्थापन कार्य सहज भएको शुक्लाफाँटा नगरपालिकाका प्रमुख रणबहादुर महराले बताए ।

दैनिक करिब छ टन फोहर सङ्कलन हुने अनुमानका आधारमा २० वर्षसम्म व्यवस्थापन गर्न सकिनेगरी केन्द्र निर्माण गरिएको भए पनि हाल दैनिक करिब तीन टनमात्र फोहर सङ्कलन भइरहेको उनले जानकारी दिए । यस अवस्थालाई हेर्दा केन्द्रको आयु ४० वर्षसम्म पुग्न सक्ने नगरप्रमुख महराको भनाई छ ।

उनका अनुसार केन्द्र सञ्चालनपछि ट्याक्टर चलाउनेदेखि फोहर छुट्याउनेसम्मका काममा स्थानीयवासी नै संलग्न रहेका छन्, जसले रोजगारीको अवसर पनि सृजना गरेको छ । धनगढीमा २२ हेक्टर, शुक्लाफाँटामा पाँच बिघा र अत्तरियामा पाँच हेक्टर क्षेत्रफलमा यस्ता संरचना निर्माण भएका छन् । एसियाली विकास बैंक (एडिबी)को सहयोगमा क्षेत्रीय सहरी विकास आयोजनाअन्तर्गत यी परियोजना अघि बढाइएका हुन् ।

यता कैलालीको धनगढी उपमहानगरपालिकामा फोहरमैला व्यवस्थापन केन्द्र निर्माण भइसकेको भए पनि सञ्चालनमा आउन बाँकी छ । तर उपमहानगरपालिकाले फोहर व्यवस्थापनका लागि विगतका वर्षहरूबाट नै निजी कम्पनीमार्फत ठेक्का लगाई आम्दानी गरिरहेको छ । उपमहानगरपालिकाले नकुहिने फोहरबाट आयआर्जन तथा कुहिने फोहरबाट मल बनाउने उद्देश्यका साथ २०८० साउनमा रु ३१ लाख ५५ हजार लगानीमा सुक्ष्म वर्गीकरण केन्द्र सञ्चालनमा ल्याएको थियो ।

उपमहानगरपालिकाले सञ्चालनमा ल्याएको उक्त केन्द्रलाई निजी कम्पनीमार्फत ठेक्का लगाई फोहर बिक्री गर्दै आएको उपमहानगरपालिकाको वातावरण, खानेपानी तथा सरसफाइ व्यवस्थापन शाखा प्रमुख अशोक अवस्थी बताउँछन् । धनगढीको नन्दादेवी सेवा केन्द्रलाई आव २०८१/८२ मा रु ७२ लाखमा पाँच वर्षका लागि ठेक्का दिइएको छ । ठेकेदार कम्पनीसँग पहिलो वर्षको ठेक्का रकमअनुसार प्रत्येक वर्ष १० प्रतिशतले पाँच वर्षसम्म रकम वृद्धि गर्नेगरी ठेक्का सम्झौता गरेको अवस्थीले बताए ।

यी अभ्यासहरूले फोहर व्यवस्थापनलाई केवल सरसफाइको विषयमा सीमित नराखी वातावरण संरक्षण र आर्थिक अवसरसँग जोड्न सकिन्छ । तर संवेदनशील वन क्षेत्रमा अझै पनि फोहर थुपारिने अभ्यास जारी रहनु चुनौतीपूर्ण देखिएको छ । फोहर व्यवस्थापनको समस्या केवल स्रोतको अभाव होइन, नीति कार्यान्वयन र दीर्घकालीन व्यवस्थापन दृष्टिकोणसँग पनि जोडिएको छ ।

# महाकाली पुलको गाइडबण्ड पुनर्निर्माणमा खटियो सेना

**युग संवाददाता**
**महेन्द्रनगर, ३१ जेठ ।**

कञ्चनपुरको भीमदत्त नगरपालिका-१२ स्थित महाकाली नदीमा निर्माण भएको चार लेनको पक्की पुलको उत्तरतर्फको ड्याम (गाइडबण्ड) पुनर्निर्माणमा शनिबारदेखि नेपाली सेना खटिएको छ ।

गत वर्ष वैशाखमा सरकारले महाकाली पुल योजनालाई तीन महिनाका लागि सङ्कटग्रस्त क्षेत्र घोषणा गरी गाइडबण्ड निर्माण गरी भीमदत्त नगरपालिका क्षेत्रका तटीय बस्ती जोगाउन काम नेपाली सेनालाई दिएको थियो ।

शुक्रबारमात्रै पुल योजना र गत वर्ष बाढीले क्षति पुर्‍याएको गाइडबण्डको स्थलगत निरीक्षणका लागि पूर्वाधार विकासमन्त्री सुनिल लम्साल यहाँ आइपुगेका थिए । लगत्तै सरकारले क्षति भएको गाइडबण्ड पुनर्निर्माण गर्न र आसन्न वर्षात्‌का हुनसक्ने सम्भावित क्षति कम गर्न पुनः शनिबारदेखि नेपाली सेना खटाएको हो ।

गाइडबण्ड क्षति भएको स्थलमा सडक डिभिजन कार्यालय कञ्चनपुरको अगुवाइमा सैनिक जनशक्ति उक्त योजनामा परिचालन भएको छ । सो क्रममा नेपाली सेनाको श्री नं २५ बाहिनी अड्डा भगतपुर ब्यारेकका बाहिनीपति सहायकरथी बिजितराज रेग्मीसहित सैनिक प्राविधिक टोली क्षतिग्रस्त क्षेत्रको अवस्थाका बारेमा जानकारी लिनसमेत पुगिसकेको छ ।

बाहिनीले योजनास्थलमा तत्कालको क्षति न्यूनीकरण गरी थप क्षति हुन नदिन, चार लेनको पुल संरक्षण तथा तटीय क्षेत्रको बस्ती जोगाउन काम थालिसकेको छ । त्यसका लागि सुदूरपश्चिम पृतनाअन्तर्गत विभिन्न ठाउँबाट सेनाको टोली यहाँ आउने क्रम सुरु भइसकेको छ ।

क्षतिग्रस्त गाइडबण्ड क्षेत्रको अनुगमनका क्रममा कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी मदन कोइरालाले डिभिजन सडक कार्यालयलाई तत्काल पुनर्निर्माणको काम थाल्न आवश्यक सहयोग स्थानीयस्तरबाट लिन आग्रह गरे । “टिपरलगायतका सामग्रीका लागि स्थानीयस्तरबाट पनि सहयोग लिन सकिन्छ”, उनले भने, “जनशक्ति सहयोग सेनाबाट पूर्ण रूपमा रहन्छ ।” गत वर्ष पनि सेनालाई दिइएको जिम्मेवारी पूरा गरेका कारण महाकाली नदीले गाइडबण्डमा क्षति धेरै गर्न पाएन । यस वर्ष पनि दिइएको जिम्मेवारीअनुरुप गाइडबण्डको संरक्षण र थप क्षति हुन नदिने गरी सेना खटिएको छ ।

सडक डिभिजन कार्यालय कञ्चनपुरका प्रमुख राजेशकुमार यादवले गत वर्षको बाढीले गाइडबण्डको करिब ३०० मिटरमा क्षति पुर्‍याएको बताए । “क्षति पुर्‍याएको ठाउँमै केन्द्रित भएर सैनिक टोली पुनर्निर्माणमा खटिएको छ”, उनले भने, “त्यसका लागि मेसिनरी र प्राविधिक सहयोग हाम्रो रहन्छ, जनशक्ति सेनाबाट उपलब्ध भएको छ ।”

पक्की पुलको ९५ प्रतिशत निर्माण सकिए पनि गाइडबण्डको नयाँ डिजाइन स्वीकृति र भेरियसन अर्डर (भिओ)को विषय किनारा नलागेपछि निर्माण कम्पनी कामबाट गत वर्षदेखि बाहिरिएको छ । पुल निर्माण व्यवसायी र सडक विभागबीचको मुद्दा अहिले मध्यस्त न्याधीकरणमा (आर्बिट्रेसन) मा छलफलमा रहेको छ ।

## निजामती...

आकलन गर्न सकिदैन ।

कतिपय विषय व्यक्तिको पारिवारिक पृष्ठभूमि, रहनसहन तथा संस्कार र संस्कृतिले पनि राष्ट्र र समाजप्रति समर्पित छ कि छैन भन्ने कुरामा निर्भर हुन्छ । अर्को कुरा उसले कुन संस्थामा गएर काम गर्‍यो, त्यो संस्थाको सङ्गठनात्मक संस्कृति कस्तो छ, सुविधा कस्तो छ, परिवारलाई पालनपोषण गर्ने सुविधा या आर्थिक जोहो छ वा छैन, यावत कुराले व्यक्तिको इमान्दारी र निष्ठा निर्धारण हुन्छ । त्यसैले व्यक्तिको इमान्दारी, विवेक र सोच तथा शैली उसको सांस्कृतिक आधारमा निर्धारण हुने भएकाले घरपरिवारमा नैतिकताको शिक्षा अपरिहार्य हुन्छ ।

**आयोगको सिफारिसअनुसार कर्मचारी नपठाइने वा पदपूर्तिमा ढिलाइ हुने प्रवृत्ति पनि सुनिन्छ । यसलाई आयोगले कसरी लिएको छ ?**

-आयोगलाई सेवा समूह सञ्चालन गर्ने मन्त्रालयले यति पद रिक्त छन्, विज्ञापन गरिदिनुपर्‍यो भनेर आयोगमा मागपत्र प्राप्त भएपछि मात्र प्रक्रिया प्रारम्भ हुन्छ । तालिकाअनुसार हामी विज्ञापन प्रकाशन गर्छौं । अब कुनै निजामती, सङ्गठित संस्था, सुरक्षा निकाय, विश्वविद्यालयले पद नै लुकाएर विज्ञापनको लागि पठाएको छ भने त्यो हामीलाई ज्ञात हुने विषय होइन ।

त्यसको लागि सम्बन्धित निकाय नै जिम्मेवार हुनुपर्छ । त्यहीका कर्मचारीहरूले नै आफ्नो संस्थामा के कस्तो अवस्था छ, निरन्तर जानकारी लिएर ध्यानाकर्षण गराउन पहलकदमी लिनुपर्छ । आयोगमा आइसकेपछि अदालती प्रक्रिया तथा यदाकदा र प्रतिकूल परिस्थितिमा ढिलो हुने बाहेक आयोगको परिक्षा, परिक्षण र सिफारिसमा कुनै ढिलाई हुँदैन । निर्वाचन, महामारीजस्ता कठिन अवस्थामा मात्र तालिका केही प्रभावित भएको छ, अन्यथा हामी समयमै पदपूर्ति प्रक्रिया सम्पन्न गर्छौं ।

**निजामती सेवामा प्रवेश गर्न चाहने नयाँ पुस्तालाई तपाईँको सन्देश छ ?**

- आयोगको माध्यमबाट हामीले निजामती सरकारी, संगठित संस्था, सुरक्षा निकाय र विश्वविद्यालयको सेवाका परीक्षा नियमित रूपमा सञ्चालन गरिराखेका छौं । लोकसेवा आयोगको माध्यमबाट सार्वजनिक सेवामा प्रवेश गर्नको लागि सबै नेपाली नागरिकलाई समान अवसर प्राप्त छ । समान अवसरमा आउन नसक्ने समावेशी समूहको लागि समावेशी समूहको सुविधा पनि छदैछ । आफूलाई अपडेट गरेर जहिले पनि निरन्तर लागिरहे आयोगको माध्यमबाट यो सेवामा प्रवेश गरेर मुलुकको सेवा गर्नको लागि र आफुलाई योग्य प्रमाणित गर्नको लागि म सबैलाई आग्रह र आह्वान पनि गर्दछु । मुलुकको सेवा गर्ने र वृत्ति विकासका लागि सार्वजनिक सेवा उत्तम माध्यम हो ।

लोकसेवा आयोगमा प्रतिस्पर्धा ठुलो सङ्ख्यामा हुन्छ, सिट सिमित हुन्छ त्यसो भएको हुनाले पास हुने भन्दा फेल हुनेको सङ्ख्या धेरै हुन्छ, जुन स्वाभाविक रूपमा राम्रो कुरा चाहिँ होइन । प्रतिस्पर्धामा योग्य र सक्षमले सार्वजनिक प्रशासनमा सेवामा सलग्न होऊन भन्ने आयोगको सोचाई हुन्छ । तर दशौं बिसौं पटक आयोगको परिक्षामा अल्झिरहेर जीवनमा विकल्पको बाटो पनि नखोजेर यतै मात्रै निरन्तर लागिरहनु र दुःख पाउनु चाहिँ उपयुक्त हो जस्तो मलाई लाग्दैन । त्यस्ता व्यक्तिहरूले आफ्नो ल्यागतलाई बेलैमा विचार गरेर वैकल्पिक उपाय र रोजगारीको खोजी गर्नु पनि बुद्धिमत्तापूर्ण निर्णय हो जस्तो मलाई लाग्छ ।

**अहिले निजामती सेवालाई चुस्त बनाउन एक पटकका लागि ५५ वर्ष उमेर वा ३० वर्षे सेवा अवधि पूरा गरेकालाई अवकाश दिने गरी कानुन ल्याउने चर्चा छ । तपाईँ के भन्नुहुन्छ ?**

- यस सम्बन्धमा सरकारले हामीलाई कुनै जानकारी नदिएकाले केही भन्न मिल्दैन । हामीले पनि मिडियाबाट सुनेका हौँ ।

**अन्त्यमा, तपाईलाई अझ केही भन्नु छ ?**

- यो वर्ष आयोग आफ्नो स्थापनाको ७६औँ वार्षिकोत्व मनाउँदै छ । गत वर्ष सुरु भएको हीरक महोत्सवको समापनका भोलि असार १ गते हुने छ । पब्लिक सर्भिस कमिसन आउटरिच प्रोग्राममार्फत हामीले हरेक प्रदेशमा विद्यार्थीहरूलाई नेटवर्किङ गरेर आफ्ना सन्देशहरू प्रवाह गरेका छौँ । सङ्गठित संस्थामा पदपूर्तिलाई प्रभावकारी बनाउन क्लस्टरअनुसार परीक्षा प्रणाली बनाउने गरी प्रक्रियाको थालनी गरेका छौँ । यसका लागि सङ्गठित संस्थामा प्रमुख र प्रशासन प्रमुखहरूको बैठक राखेर छलफल गरेका छौँ ।

कतिपय साना सङ्गठित संस्थामा नयाँ जनशक्ति केही समय काम गर्ने फेरि अर्को संस्थामा गइरहने प्रवृत्ति छ । यो मानवीय प्रवृत्ति र व्यक्तिगत स्वतन्त्रता पनि हो । संविधान, ऐन, कानुनले रोक नलगाएसम्म यसलाई रोक्न नसकिने भएकाले निजामती जस्तै सङ्गठित संस्थाका पनि एउटा श्रेणी वा तहमा प्रवेश गरेका कर्मचारी सोही संस्थामा वृत्ति विकास गर्न सकुन् भनी व्यवस्थित गर्न लागेका छौँ । लोकसेवाको पदपूर्ति प्रक्रिया खर्चिलो रहेको सानो स्रोत साधन हुने सङ्गठित संस्थालाई लोकसेवा आयोगका धेरै परीक्षा धान्न कठिन हुने भएकाले यसलाई व्यवस्थित गर्न सम्बन्धित पक्ष मिलेर लाग्नुपर्छ ।

**स्वच्छ शहर: स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं,
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं,
- सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदूषण कम गरौं,
- सडकको समयसमयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौः सुन्दर बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
ह.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# पानी नपर्दा धानको ब्याड राख्न ढिलाई

**युग संवाददाता**
**बाँके, ३१ जेठ ।**

जेठ महिनाको अन्त्य हुँदा पनि पर्याप्त पानी नपर्दा बाँकेमा धानको ब्याड राख्न ढिलाइ भएको छ। आकाशे पानीको भरमा धानखेती गर्दै आएका जिल्लाका अधिकांश किसानले धानको ब्याड राख्न नपाएको नेपालगञ्ज-१९ सुइयागाउँका किसान ललवा माहुतले बताए।

सिँचाइको व्यवस्था नभएकाले किसानले धान रोप्न आकाश हेरेर बस्नु पर्ने बाध्यता रहेको उनको भनाइ छ। "धान खेतीका लागि आवश्यक सिँचाइ, बीउ र मल नपाउँदा बर्सेनि गरिखाने किसानले दुःखमाथि दुःख झेल्नुपर्ने बाध्यता छ," उनले सुनाए।

बाँकेमा सिँचाइ सुविधा नपुगेको क्षेत्रमा घरायसी प्रयोजनका लागि राखिएका मोटर र कतिपय क्षेत्रमा खानेपानीको धाराको पानी प्रयोग गरेर पनि बीउको ब्याड राखिएको छ । जानकी गाउँपालिकाको साइगाउँ, बेलभार क्षेत्रमा पर्याप्त बर्सात नभएका कारण किसानले अहिलेसम्म धान रोप्न नसकेको जानकी गाउँपालिका वडा नं १ का अध्यक्ष मोहम्मद रजा राईले बताए।

बाँकेमा सिँचाइको सुविधा पुगेको र वैकल्पिक उपाय गरेर हालसम्म करिब ४० प्रतिशत किसानले मात्रै धानको बीउ ब्याड राखेको कृषि ज्ञान केन्द्र बाँकेकी सूचना अधिकारी सुजिता शर्माले जानकारी दिए।

## हुलाकी...

गरेको छ। कुसुमस्थित झोलुङ्गे पुल हुँदै भम्का र बैजापुरसम्मको प्रस्तावित मार्गको पैदल अवलोकन गरिएको स्थानीय गहेन्द्रकुमार खड्काले जानकारी दिए। स्थानीयवासीले लामो समयदेखि रोकिएको सडक निर्माण प्रक्रिया अघि बढेकामा खुशी व्यक्त गर्दै तोकिएको समयमै काम सम्पन्न गर्न सम्बन्धित निकायसँग आग्रह गरेका छन्।

## यस्ता...

विस्तार र सुदृढीकरणलाई नीति तथा कार्यक्रमले प्राथमिकता राखेको छ।

यस्तै, व्यावसायिक सीप एवम् उद्यमशीलता विकास गरी रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना गर्दै युवामा सकारात्मक रूपान्तरण ल्याउने, दिगो र गुणस्तरीय सडक सञ्जालको विकास र विस्तार गर्दै प्रदेशको समग्र भौतिक पूर्वाधारको विकास गर्ने, स्वच्छ एवम् सर्वसुलभ खानेपानी सेवा तथा सिँचाइ सुविधा र ऊर्जा क्षेत्रको विकास तथा विस्तार गर्ने, वन क्षेत्रको दिगो व्यवस्थापनमार्फत आयआर्जन, जीवनस्तर सुधार, पर्यापर्यटन तथा वातावरण संरक्षणको नीति लिइने सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ।

त्यस्तै, प्रशासनिक संरचनाको सुदृढीकरण तथा सूचना प्रविधिमा आधारित सेवा प्रवाहमार्फत सुशासन कायम गर्ने, बहुवर्षीय तथा स्रोत सुनिश्चितता प्राप्त आयोजनामा पर्याप्त रकम विनियोजन गर्दै विनियोजन दक्षता कायम गरी आयोजना सुशासन कायम गर्ने, प्रशासनिक खर्चमा मितव्ययिताको सिद्धान्त अवलम्बन गर्दै शून्य बेरुजु अभियानमार्फत वित्तीय सुशासन प्रवर्धनको विषयलाई सरकारले आफ्नो नीति तथा कार्यक्रममा प्राथमिकता दिएको छ।

प्रदेश सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनको तहमा लैजाने हो भने सकारात्मक नतिजा हासिल गर्न सकिने सरोकारवाहरु बताउँछन्। विगतको तुलनामा केही सुधार भएर आएको नीति तथा कार्यक्रमले रूपान्तरणकारी योजना भने समावेश गरेको छैन। विगतमा नीति ल्याउने तर कार्यान्वयन नगर्ने परिपाटीले आगामी वर्षमा पनि प्रशय पाए सरकारको नीति तथा कार्यक्रमले कर्णालीलाई समृद्धिको उचाइ दिन नसक्ने प्रतिपक्ष प्रमुख प्रतिपक्षी दल नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संसदीय दलका प्रमुख सचेतक कृष्णबहादुर जिसीले बताए। उनले कर्णालीको वास्तविक आवश्यकता र तथ्यमा आधारित बजेट आउनुपर्नेमा जोड दिए।

## ब्लूबुक हराएको सूचना

मिति २०८३ जेठ १५ गते वीरेन्द्रनगर बजारदेखि स्याक नेपाल संस्थातर्फ आउनेक्रममा मेरो निम्न व्यहोरा भएको मोटरसाइकलको ब्लूबुक हराएको हुँदा भेटाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय, स्थानीय पालिका, वडा कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**तपशिल :-**

**नाम** : समाज जागरण केन्द्र (स्याक) नेपाल
**मोटरसाइकल नं.** : कर्णाली प्रदेश-०२ ००३ प १९२९
**मेवाइल नं.** : ९८४८२१४०५६
**अफिस फोन नं.** : ०८३-५२१२८२

# पत्रकार महासंघ सुर्खेतद्वारा १० पत्रकार पुरस्कृत

**युग संवाददाता**
**सुर्खेत, ३१ जेठ ।**

नेपाल पत्रकार महासंघ सुर्खेत शाखाले १० जना पत्रकारलाई विभिन्न विद्याका पत्रकारिता पुरस्कार प्रदान गरेको छ। आइतबार महासंघले पत्रकारिताका माध्यमबाट विभिन्न क्षेत्रमा योगदान पुर्‍याएका अग्रज तथा क्रियाशील पत्रकारहरूलाई सम्मान तथा पुरस्कार प्रदान गरेको हो।



साथै, यस वर्ष विशेष सम्मानबाट जुनकीरी पत्रिकाका सम्पादक जनकराज शर्मा सम्मानित भएका छन्। सुर्खेतमा शर्माको सम्पादकत्वमा २०२७ सालमा पहिलो पटक जुनकिरी पत्रिका प्रकाशन भएको थियो। यो नै सुर्खेतमा पत्रकारिताको पहिलो इतिहास मानिन्छ। त्यस्तै, प्रेस स्वतन्त्रता सम्मानबाट वरिष्ठ पत्रकार दुर्गा थापा, माया थापा र डम्बर आचार्य सम्मानित भएका छन्।

यस वर्षको वर्ष पत्रकारिता पुरस्कार कर्मसञ्चार डटकमका सम्पादक ईश्वर अधिकारीलाई प्रदान गरिएको छ भने विकास तथा शान्ति पत्रकारिता पुरस्कारबाट रेडियो नेपालकी करिश्मा चौधरी र हिमालय टेलिभिजनका रमेशकुमार पाण्डे पुरस्कृत भएका छन्।

त्यस्तै, क्रियाशील पत्रकारिता पुरस्कार कान्तिपुर दैनिकका तृप्ति शाही, खानेपानी तथा सरसफाइ पत्रकारिता पुरस्कार बाह्रखरी डटकमका विवशकुमार सेजुवाल, युवा पत्रकारिता पुरस्कार रेडियो भेरीका टेकराज केसी र नन्दु गेलाङ स्मृति पत्रकारिता पुरस्कार राष्ट्रिय समाचार समितिमा कार्यरत सुरेश आचार्यलाई प्रदान गएिको छ।

उनीहरुलाई कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले सम्मान तथा पुरस्कार प्रदान गरेका थिए। सम्मान तथा पुरस्कारले पत्रकारिताको व्यावसायिकता, उत्तरदायित्व र सिर्जनशीलतालाई थप प्रोत्साहन गर्ने विश्वास महासंघको छ। यस्तै, महासंघले सुर्खेतको पत्रकारिताको इतिहास समेटिएको पुस्तकसमेत विमोचन गरेको छ।

सुर्खेतमा पत्रकारिताको सुरुवातदेखि हालसम्मको इतिहासलाई एकिकृत गरी दस्तावेजिकरण गर्न महासंघले सुर्खेतको पत्रकारिता नामक पुस्तक सार्वजनिक गरेको हो। उक्त पुस्तकको विमोचन मुख्यमन्त्री कँडेलले गरेका थिए। सुर्खेती पत्रकारिताको इतिहासका बारेमा अध्ययन र अनुसन्धान गर्न चाहनेहरुका लागि पुस्तक उपयोगी हुने महासंघले जनाएको छ।

त्यस्तै, महासंघको अध्यक्ष, सहसचिव र एक सदस्यको पदसमेत हस्तान्तरण भएको। पत्रकार महासंघको निर्वाचनमा बराबरी मत प्राप्त गरी आधाआधा कार्यकालको नेतृत्व गर्ने सहमती अनुसार पहिलो कार्यकालका अध्यक्ष सुशीलराज शर्माले मधुवन विसीलाई पद हस्तान्तरण गरेका हुन्।

# बैंकिङ कसूर मुद्दामा फरार एक महिला पक्राउ

**युग संवाददाता**
**सुर्खेत, ३१ जेठ ।**

बैंकिङ कसूर मुद्दामा फरार रहेकी दैलेखको नौमुले गाउँपालिका-८ स्थायी घर भएकी कमला कुमारी शाहीलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी टोलीले ३९ वर्षीया कमला कुमारी शाहीलाई सुर्खेतको पञ्चपुरी नगरपालिका-३ पलैटेस्थित प्रेमबहादुर शाहीको घरमा लुकीछिपी बसिरहेको अवस्थामा पक्राउ गरेको हो।

इलाका प्रहरी कार्यालय बाबियाचौरका अनुसार पक्राउ परेकी शाहीलाई बैंकिङ कसूर मुद्दाको अनुसन्धान गरिरहेको प्रहरी वृत्त सातदोबाटो, ललितपुरमा बुझाउन पठाइएको हो।

बिहान ९:५५ बजे इलाका प्रहरी कार्यालय बाबियाचौरमा कार्यरत प्रहरी सहायक हवलदार (प्रसह) देवराज गिरीको जिम्मा लगाई उनलाई श्री एयरलाइन्सको उडानमार्फत ललितपुर पठाइएको प्रहरी जवान जिवेश शाहीले जानकारी दिएका छन्।

## सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं।
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं।
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं।
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं।
- सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं।
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं।
- जेष्ठ नागरिक, अपङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं।
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं।
- अनियमितता र भ्रष्ट्राचारबिरूद्ध उजुरी गरौं।

**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।**

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत।

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :

**भवानी अर्डर एण्ड सप्लायर्स**

वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराइ, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा

९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२

Bhawani Auto Workshop, Birendranagar-Surkhet

**भवानी अटो वर्कसप**

वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

TOYOTA | BYD | Mahindra | FORCE | ISUZU | FOTON | TATA

Servicing | Repair | Denting | Panting | Washing

**हाम्रा सेवाहरु**

- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी विग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।



युगआह्वान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।